कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: १०२/०८२
दर्ता मिति: २०८२/१२/२

# बीमा मध्यस्थकर्ता (अभिकर्ता) परीक्षा सञ्चालन सम्बन्धी निर्देशिका, २०७९

नेपाल बीमा प्राधिकरण सञ्चालक समितिबाट स्वीकृत मितिः २०७९।०८।०७

प्रस्तावनाः बीमा व्यवसायको विकासको लागि समय सापेक्ष दक्ष जनशक्ति तयार गर्न बीमा ऐन, २०७९ को दफा ९२ उपदफा (२) को व्यवस्था बमोजिम सञ्चालन गरिने बीमा मध्यस्थकर्ता (अभिकर्ता) को परीक्षालाई व्यवस्थित, गुणस्तरीय र नियमित बनाउन वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरण सञ्चालक समितिले देहायका निर्देशनहरु जारी गरेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी निर्देशनहरुको नाम "बीमा मध्यस्थकर्ता (अभिकर्ता) परीक्षा सञ्चालन सम्बन्धी निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अध्यक्ष" भन्नाले प्राधिकरणको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले बीमा ऐन, २०७९ सम्झनु पर्छ ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले प्राधिकरणको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(घ) "परिमार्जनकर्ता" भन्नाले परीक्षाको लागी तयार पारिएका कच्चा प्रश्नपत्र परीक्षण गर्न दफा १७ बमोजिम तयार गरिएको परिमार्जनकर्ताको रोष्टरमा सूचीकृत व्यक्ति सम्झनु पर्छ ।

(ङ) "परीक्षा" भन्नाले बीमा अभिकर्ताको व्यवसाय गर्न इजाजत जारी गर्ने प्रयोजनका लागि प्राधिकरणले सञ्चालन गर्ने बीमा मध्यस्थकर्ता (अभिकर्ता) को परीक्षा सम्झनु पर्छ ।

(च) "परीक्षा समिति" भन्नाले दफा ३ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्छ।

(छ) "परीक्षार्थी" भन्नाले बीमा प्राधिकरणले सञ्चालन गरेको बीमा अभिकर्ताको परीक्षामा परीक्षा दिने व्यक्ति सम्झनु पर्छ ।

(ज) "प्रश्नपत्र निर्माणकर्ता" भन्नाले परीक्षाको लागि कच्चा प्रश्नपत्र निर्माण गर्न तयार गरिएको दफा १७ बमोजिम प्रश्नपत्र निर्माणकर्ताको रोष्टरमा सूचीकृत व्यक्ति सम्झनु पर्छ ।

(झ) "प्राधिकरण" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापित नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ ।

(ञ) "बीमा अभिकर्ता" भन्नाले ऐनको दफा ९१ बमोजिम बीमा अभिकर्ताको व्यवसाय गर्न प्राधिकरणबाट इजाजत पत्र प्राप्त बीमा मध्यस्थकर्ता सम्झनु पर्छ।

परिच्छेद – २

## परीक्षा समिति

३. परीक्षा समिति: बीमा अभिकर्ताको परीक्षालाई व्यवस्थित र मर्यादित रुपमा व्यवस्थापन गराउन देहाय बमोजिमको एक परीक्षा समिति हुनेछः-

(क) कार्यकारी निर्देशक -संयोजक

(ख) जीवन बीमक संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ग) निर्जीवन बीमक संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(घ) इन्स्योरेन्स इन्स्टिच्यूट नेपाल लि. को कार्यकारी प्रमुख - सदस्य

(ङ) बीमा क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव भएका व्यक्ति मध्येबाट अध्यक्षले तोकेको एकजना व्यक्ति -सदस्य

(च) अभिकर्ता इजाजत पत्र हेर्ने महाशाखा प्रमुख -सदस्य

(छ) अभिकर्ता इजाजत पत्र हेर्ने शाखा प्रमुख -सदस्य सचिव

४. परीक्षा समितिको काम, कर्तव्य र अधिकारः (१) परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परीक्षाको पाठ्यक्रममा आवश्यकतानुसार परिमार्जन गर्न सिफारिस गर्ने,

(ख) परीक्षा शुल्क समयानुसार परिमार्जन गर्न सिफारिस गर्ने,

(ग) परीक्षाको आवश्यकता निर्धारण गर्ने,

(घ) परीक्षा कार्यक्रममा आवश्यक संशोधन तथा परिमार्जनको गर्ने,

(ङ) त्रैमासिक परीक्षा कार्यक्रम कार्यतालिका स्वीकृत गर्ने,

(च) निरीक्षक, सहायक निरीक्षक, सूचना प्रविधि अधिकृत तथा अन्य कर्मचारीलाई खटाउने,

(छ) प्रश्नपत्र निर्माणकर्ता र परिमार्जनकर्ताको रोष्टर तयार गर्ने,

(ज) निरीक्षक, सहायक निरीक्षक, सूचना प्रविधि अधिकृत, प्रश्नपत्र निर्माण तथा परिमार्जनकर्ताको व्यवस्था तथा पारिश्रमिक सम्बन्धी व्यवस्थाका लागि अध्यक्ष समक्ष आवश्यक सिफारिस गर्ने,

(झ) परीक्षा सम्बन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने ।

(२) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकतानुसार इजाजत पत्र हेर्ने महाशाखा प्रमुख वा अन्य अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

परिच्छेद-३

## परीक्षा सञ्चालन तथा व्यवस्थापन

५. परीक्षा कार्यक्रम प्रकाशन गर्नुपर्ने: परीक्षा सम्वन्धी कार्यक्रम र सोको तालिका परीक्षा हुनुभन्दा पन्ध्रदिन अगावै प्राधिकरणको वेवसाइटमा सामान्यतया त्रैमासिक रुपमा प्रकाशन गरिनेछ ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

६. <u>निवेदन दिनुपर्ने:</u> बीमा अभिकर्ताको परीक्षामा सहभागी हुन प्राधिकरणबाट तयार गरिएको अनलाइन पोर्टल मार्फत् निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ योग्यता तथा बीमा अभिकर्ताको तालिम लिएको प्रमाण तथा कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरी पेश गर्नुपर्नेछ ।

७. <u>परीक्षा शुल्क:</u> (१) परीक्षार्थीले आफूले सहभागी हुन चाहेको परीक्षा कार्यक्रमको लागि परीक्षा शुल्कबापत पाँचसय रुपैयाँ तोकिएको विद्युतीय भुक्तानी सेवा प्रदायक (अनलाइन पेमेन्ट गेटवे) मार्फत् प्राधिकरणको बैंक खातामा भुक्तानी गर्नुपर्नेछ ।

(२) एक व्यक्तिको लागि जम्मा गरिएको परीक्षा शुल्कले अर्को व्यक्तिले परीक्षा दिन पाउने छैन ।

(३) उपदफा (१) बमोजिमको परीक्षा शुल्क भुक्तानी गरिसकेपछि कुनै विशेष कारणले परीक्षामा सहभागी हुन नसकेको परीक्षार्थीले उक्त परीक्षामा सामेल हुन नसक्नुको कारण खुलाई प्राधिकरणमा निवेदन पेश गरेमा र सो कारण मनासिब देखिएमा प्राधिकरणले निजको परीक्षाको लागि अर्को व्यवस्था गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन उपर प्राधिकरणले सामान्यतया पन्ध्र दिनभित्र निर्णय गरिसक्नुपर्नेछ ।

८. <u>परीक्षा सञ्चालन:</u> (१) बीमा अभिकर्ताको परीक्षा विद्युतीय माध्यम (अनलाइन) बाट सञ्चालन गरिनेछ।

(२) परीक्षार्थीले परीक्षा अवधिभरमा पूरै अनुहार देखिने र आवाज सुनिने गरी भिडियो क्यामरा सुचारु राख्नुपर्नेछ ।

(३) परीक्षा अवधिभरमा विद्युत तथा इन्टरनेटको वैकल्पिक व्यवस्था (ब्याकअप) परीक्षार्थी स्वयंले गर्नुपर्नेछ ।

(४) परीक्षालाई मर्यादित, अनुशासित तथा व्यवस्थित गर्नको लागि परीक्षा सम्बन्धी आचारसंहिता परीक्षा समितिले तोकिदिए बमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिमको आचारसंहिता विपरीत कार्य गर्ने परीक्षार्थीको परीक्षा प्राधिकरणको अभिकर्ता इजाजत पत्र हेर्ने महाशाखा प्रमुखले रद्द गर्न सक्नेछ । यसरी परीक्षा रद्द गरिनुको कारण बारे परीक्षार्थीलाई जानकारी गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम परीक्षा रद्द गरिएको परीक्षार्थीले तीन महिनासम्म त्यस्तो परीक्षामा सामेल हुन सक्ने छैन ।

९. <u>परीक्षाको अङ्कभार र समय:</u> बीमा अभिकर्ताको परीक्षामा दुई अङ्कभारको जम्मा पचासवटा वस्तुगत प्रश्न सोधिने छन् र सो परीक्षाको समय एकघण्टा तीस मिनेटको हुनेछ ।

१०. <u>उत्तरपुस्तिकाको परीक्षण:</u> प्राधिकरणले दफा ८ बमोजिम लिईएको परीक्षाको उत्तरपुस्तिकाको परीक्षण सफ्टवेयरको माध्यमबाट यथासम्भव छिटो गर्नु पर्नेछ ।

११. <u>परीक्षाको नतिजा प्रकाशनः</u> परीक्षाको नतिजा प्रकाशन प्राधिकरणको बीमा अभिकर्ता इजाजत पत्र हेर्ने महाशाखाले गर्नेछ र सो नतिजा प्राधिकरणको वेवसाइटमा समेत राखिनेछ ।

१२. <u>प्रमाणपत्र दिनुपर्नेः</u> परीक्षामा पचास प्रतिशत प्राप्ताङ्क भएका परीक्षार्थीलाई सो परीक्षा उत्तीर्ण भएको बेहोराको प्रमाण पत्र विद्युतीय माध्यमबाट प्रदान गरिनेछ ।

१३. <u>अभिलेख राख्नुपर्नेः</u> परीक्षा कार्यक्रममा संलग्न कर्मचारीले प्रत्येक परीक्षा (सेसन) मा उपस्थित परीक्षार्थीको उपस्थितिको विद्युतीय अभिलेख राख्नुपर्नेछ ।

परिच्छेद-४

## <u>प्रश्नपत्र निर्माण तथा भण्डारण</u>

१४. <u>प्रश्नपत्र निर्माण सम्बन्धी व्यवस्थाः</u> (१) परीक्षाको प्रयोजनका लागी रोष्टरमा सूचीकृत प्रश्नपत्र निर्माणकर्ताबाट कच्चा प्रश्नपत्र तयार गर्न लगाई परीक्षा सञ्चालन गर्न तयार गरिएको सफ्टवेयर सिस्टममा राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको कच्चा प्रश्नपत्र सिस्टममा राख्नुअघि सो प्रश्नपत्रको पर्याप्तता, वैधता, शुद्धता र स्तरीयताबारे परिमार्जनकर्ताबाट परीक्षण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परिमार्जनकर्ताले परीक्षण गर्दा कच्चा प्रश्नपत्रमा आवश्यक संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

(४) परीक्षा सञ्चालन प्रयोजनार्थ सिस्टममा राखिएका कच्चा प्रश्नहरु मध्येबाट पचास थान वस्तुगत प्रश्न रहेको अन्तिम प्रश्नपत्र तयार गरिनेछ ।

१५. <u>प्रश्नपत्र निर्माणकर्ताको योग्यताः</u> प्रश्नपत्र निर्माणकर्ताले देहाय बमोजिममध्ये कुनै एक योग्यता हासिल गरेको हुनुपर्नेछः-

(क) मान्यताप्राप्त संस्थाबाट स्नातक वा सोसरह उत्तीर्ण गरी बीमा क्षेत्रमा पाँच वर्षको अनुभव प्राप्त वा,

(ख) मान्यता प्राप्त संस्थाबाट स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी बीमा क्षेत्रमा तीन वर्षको अनुभव प्राप्त वा,

(ग) बीमा विषयमा एसोसिएट्स उत्तीर्ण गरी तीन वर्षको अनुभव प्राप्त ।

१६. <u>प्रश्नपत्र परिमार्जनकर्ताको योग्यताः</u>प्रश्नपत्र परिमार्जनकर्ताले देहाय बमोजिममध्ये कुनै एक योग्यता हासिल गरेको हुनुपर्नेछः-

(क) मान्यताप्राप्त संस्थाबाट स्नातकोत्तर वा सोसरह उत्तीर्ण गरी बीमा क्षेत्रमा दश वर्षको अनुभव प्राप्त वा,

(ख) एक्चुरियल साइन्समा स्नातक उत्तीर्ण गरी बीमा क्षेत्रमा तीन वर्षको अनुभव प्राप्त वा,

(ग) बीमा विषयमा मान्यताप्राप्त संस्थाबाट फेलोसिप हासिल गरी बीमा क्षेत्रमा तीन वर्षको अनुभव प्राप्त ।



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

१७. रोष्टर तयार गर्नुपर्नेः (१) बीमा अभिकर्ताको परीक्षा प्रयोजनको लागि कच्चा प्रश्नपत्र तयार गर्न दफा १५ बमोजिमको योग्यता पुगेका प्रश्ननिर्माणकर्ता र दफा १६ बमोजिम योग्यता पुगेका परिमार्जनकर्ताको छुट्टाछुट्टै रोष्टर तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रोष्टरमा सूचीकृत गर्न प्राधिकरणले आफ्नो सूचनापाटी तथा वेबसाइटमार्फत् सूचना प्रकाशन गर्नेछ ।

१८. प्रश्नपत्र भण्डारण सम्बन्धी व्यवस्थाः (१) परिमार्जनकर्ताबाट परीक्षण भएका प्रश्नपत्र परीक्षा समितिको सिफारिसमा प्राधिकरणले परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि निर्माण गरेको सफ्टवेयर सिस्टममा प्रविष्ट गरी राखिनेछ ।

(२) उपदफा (१) बमोजिम भण्डारण गरी राखिएका प्रश्नपत्रको गोपनीयता कायम गर्नुपर्नेछ।

१९. नमुना प्रश्नपत्रः प्राधिकरणको वेवसाइटमा एक सेट उत्तर सहितको नमूना प्रश्नपत्र राखिनेछ ।

## परिच्छेद–५

## विविध

२०. पाठ्यक्रमः (१) परीक्षाको पाठ्यक्रम अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको पाठ्यक्रम परीक्षा समितिको सिफारिसमा अध्यक्षले समय-समयमा आवश्यकतानुसार परिमार्जन गर्न सक्नेछ ।

(३) कृषि तथा लघु बीमा अभिकर्ताको पाठ्यक्रम परीक्षा समितिको सिफारिसमा अध्यक्षले स्वीकृत गरे बमोजिम हुनेछ ।

२१. परीक्षा प्रमाणपत्रको मान्यताः परीक्षार्थीले जुन बीमकले सञ्चालन गरेको अभिकर्ता तालिम कार्यक्रममा सहभागी भई प्रमाणपत्र प्राप्त गरेको हो सोही बीमकको अभिकर्ता भई कार्य गर्न इजाजत पत्रको लागि प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

तर, बीमक बाहेक प्राधिकरण वा अभिकर्ताको तालिम सञ्चालन गर्न प्राधिकरणबाट मान्यताप्राप्त संस्थाले सञ्चालन गरेको तालिममा सहभागी भई प्रमाणपत्र प्राप्त गरेको परीक्षार्थीले आफूले लिएको तालिमको प्रकार अनुरुप समान किसिमको कुनै एक बीमकको अभिकर्ता भइ कार्य गर्न इजाजत पत्रको लागि प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ ।

२२. पारिश्रमिक तथा भत्ताः प्रश्नपत्र निर्माणकर्ता, परिमार्जनकर्ता, परीक्षामा संलग्न निरीक्षक, सहायक निरीक्षक तथा परीक्षामा खटिएका अन्य व्यक्तिको पारिश्रमिक तथा भत्ता परीक्षा समितिको सिफारिसमा अध्यक्षले तोके बमोजिम हुनेछ ।

२३. अन्य व्यवस्थाः परीक्षा समितिले यस निर्देशिकामा उल्लेख भएका विषय बाहेक परीक्षा सम्बन्धी अन्य विषयमा आवश्यक व्यवस्था गर्न सक्नेछ।



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

२४. बाधा अड्काउ फुकाउनेः (१) यस निर्देशिकामा उल्लिखित विषयको कार्यन्वयनका सम्बन्धमा कुनै बाधा अड्काउ उत्पन्न भएमा परीक्षा समितिले यस निर्देशिकामा उल्लिखित व्यवस्थासँग नबाझिने गरी आवश्यक व्यवस्था गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) यस निर्देशिकामा उल्लिखित विषयका सम्बन्धमा कुनै दुविधा उत्पन्न भएमा अध्यक्षले आवश्यक व्याख्या गर्न सक्नेछ ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

अनुसूची

(दफा २० को उपदफा (१) सँग सम्बन्धित)

क. <u>जीवन बीमा अभिकर्ताको परीक्षाको पाठ्यक्रम</u>

इकाई- १ जोखिम र जोखिम व्यवस्थापन

जोखिमको अर्थ, जोखिमको वर्गीकरण, बीमायोग्य जोखिम, संकट, खतरा र नोक्सानी, जोखिम व्यवस्थापन, जोखिम व्यवस्थापनको तरिका ।

इकाई- २ बीमाको परिचय

बीमा, जीवन र निर्जीवन बीमा बीमाको उद्देश्य, बीमाको प्रकार, बीमाको फाइदा, बीमाको कार्य प्रणाली, बीमा र सम्भाव्यता ।

इकाई- ३ बीमा अभिकर्ता

बीमा अभिकर्ताको परिचय, बीमा अभिकर्ताको प्रकार बीमा अभिकर्ताको बीमकप्रतिको दायित्व, बीमा अभिकर्ताको बीमितप्रतिको दायित्व, बीमा अभिकर्ताको बीमकप्रतिको दायित्व, बीमकको बीमा अभिकर्ताप्रतिको दायित्व, बीमा अभिकर्ता बन्ने तरिका, बीमा अभिकर्ताको पेशागत महत्व, बीमा अभिकर्ताको खारेजी ।

इकाई- ४ बीमाको सिद्धान्त

परम-सद्वविश्वासको सिद्धान्त, बीमायोग्य हितको सिद्धान्त, क्षतिपूर्तिको सिद्धान्त, निकटतम् कारणको सिद्धान्त, प्रत्यासनको सिद्धान्त, योगदानको सिद्धान्त, जीवन बीमामा आंशिक वा पूर्ण रूपमा लागू हुने बीमाका सिद्धान्त ।

इकाई-५ बीमालेख

परिचय, जीवन बीमालेखका प्रकार, बीमालेखका शव्दावली, शर्त तथा सुविधा, ब्यक्तिगत तथा सामूहिक बीमा, पूरक करार, नाफामा सहभागी हुने र नहुने प्रकारको बीमा, बीमाशुल्क गणना तालिका।

इकाई-६ जीवन बीमा सम्बन्धी कागजात

प्रस्ताव फाराम, ग्राहक पहिचान फाराम, बीमाशुल्क भुक्तानी रसिद, बीमालेखको मूल कागज, सम्पुष्टी, राइडर, बीमाशुल्क भुक्तानी गर्ने वा नवीकरण गर्ने सूचना, बीमालेख पुनर्जागरण गर्ने फाराम, अन्य कागजात।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

इकाई-७ बीमाशुल्क र बोनस

बीमाशुल्क र बीमाशुल्क गणना, बोनस र बोनस गणना, चुक्ता मूल्य र चुक्ता मूल्य गणना, समपर्ण मूल्य र समर्पण मूल्य र समर्पण मूल्य गणना, बीमालेखको धितोमा लिइने ऋण, बीमालेखको जफत, मृत्युदर तालिका ।

इकाई-८ जोखिमाङ्कन

परिचय, जोखिमाङ्कनको आधारमा जोखिमको वर्गीकरण, प्रारम्भिक जोखिमाङ्कन, वित्तीय र मेडिकल जोखिमाङ्कन, जोखिमाङ्कन प्रक्रिया, अभिकर्ताको गोप्य प्रतिवेदन, बीमित र अभिकर्ताको अनुगमन, आम्दानीको स्रोत, बीमितको पेशागत जोखिम, जोखिमाङ्कनमा प्रभाव पार्ने तत्वहरू, जोखिमाङ्कन निर्देशिका वा म्यानुअल, नोमिनेसन तथा एसाइन्मेन्ट ।

इकाई-९ दाबी

परिचय, दाबी गर्ने प्रक्रिया, दाबी सम्बन्धी कागजात, दाबी भुक्तानीको प्रक्रिया, बीमा दाबी भुक्तानीमा अभिकर्ताको भूमिका, दाबी भुक्तानी निर्देशिका वा म्यानुअल, दाबीको प्रकार, मृत्यु दाबी, परिपक्व दाबी, सर्भाइभल दाबी, राइडर (पुरक करार) दाबी ।

इकाई- १० जीवन बीमाको बजारीकरण

अभिकर्ताको पेशा, ग्राहक सेवा, बीमालेख बिक्री पछिको सेवा, बीमा दाबी पर्दाका वखतको सेवा, जीवन बीमाक बजारीकरण, उपभोक्ता व्यवहार, नैतिक बजारीकरण र यसको चुनौती, बीमालेखको गलत बिक्री (मिससेलिङ)।

इकाई- ११ बीमा अभिकर्ता र कर

जीवन बीमामा कर छुटको दायरा, बीमा अभिकर्ताको पारिश्रमिक र उक्त पारिश्रमिकमा लाग्ने कर, बीमा अभिकर्ता र कर दर्ता प्रमाणपत्र ।

इकाई- १२ बीमा सम्बन्धी कानूनी व्यवस्था

बीमा ऐन, २०७९, बीमा नियमावली, २०४९, बीमा अभिकर्ताको आचार संहिता, सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी ऐन, २०६४, नेपाल बीमा प्राधिकरणबाट जारी भएको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी निर्देशिका, बीमा अभिकर्ता सम्बन्धी अन्य कानूनी व्यवस्था ।

इकाई- १३ बीमा बजार

नेपाल बीमा प्राधिकरण, जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, पुनर्बीमा कम्पनी, बीमा अभिकर्ता, बीमा सर्भेयर, तेस्रो पक्ष सहजकर्ता, अन्य बीमा सेवा प्रदायक, बीमा सूचना केन्द्र, बीमित हित संरक्षण कोष, बीमा पुल, बीमा विकास कोष ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

## ख. निर्जीवन बीमा अभिकर्ताको परीक्षाको पाठ्यक्रम

इकाई- १ जोखिम र जोखिम व्यवस्थापन

जोखिमको अर्थ, जोखिमको वर्गीकरण, बीमायोग्य जोखिम, संकट, खतरा र नोक्सानी, जोखिम व्यवस्थापन, जोखिम व्यवस्थापनको तरिका ।

इकाई- २ बीमाको परिचय

बीमा, जीवन र निर्जीवन बीमा बीमाको उद्देश्य, बीमाको प्रकार, बीमाको फाइदा, बीमाको कार्य प्रणाली, बीमा र सम्भाव्यता ।

इकाई- ३ बीमा अभिकर्ता

बीमा अभिकर्ताको परिचय, बीमा अभिकर्ताको प्रकार, बीमा अभिकर्ताको बीमकप्रतिको दायित्व, बीमा अभिकर्ताको बीमित प्रतिको दायित्व, बीमा अभिकर्ताको बीमकप्रतिको दायित्व, बीमकको बीमा अभिकर्ताप्रतिको दायित्व, बीमा अभिकर्ता बन्ने तरिका, बीमा अभिकर्ताको पेशागत महत्व, बीमा अभिकर्ताको इजाजत खारेजी।

इकाई- ४ बीमाको सिद्धान्त

परम-सद्वविश्वासको सिद्धान्त, बीमायोग्य हितको सिद्धान्त, क्षतिपूर्तिको सिद्धान्त, निकटतम् कारणको सिद्धान्त, प्रत्यासनको सिद्धान्त, योगदानको सिद्धान्त ।

इकाई- ५ बीमालेख

परिचय, निर्जीवन बीमाको प्रकार, निर्जीवन बीमालेखका शव्दावली, शर्त तथा सुविधा, विश्वव्यापी अपवाद, थप रक्षावरण (एड अन कभर), व्यक्तिगत तथा सामूहिक बीमा, पूरक करार, एकवर्ष भन्दा लामो र बहुवर्षीय निर्जीवन बीमाशुल्क गणना तालिका, प्राधिकरणले तयार गरेको स्तरीकृत बीमालेख र वीमकले तयार गरेको बीमालेख ।

इकाई- ६ निर्जीवन बीमा सम्बन्धी कागजात

प्रस्ताव फाराम, ग्राहक पहिचान फाराम, बीमाशुल्क भुक्तानी रसिद, बीमालेखको मूल कागज, सम्पुष्टी, वीमालेखको संशोधन, बीमाशुल्क भुक्तानी गर्ने वा नवीकरण गर्ने सूचना, अन्य कागजात, बीमाको प्रमाणपत्र, कभर नोट, एसाइन्टेन्ट ।

इकाई- ७ बीमाशुल्क र वीमादर

वीमाशुल्क र बीमाशुल्क गणना, बीमालेख खारेजी, बीमालेख पुनर्जागरण, भूतप्रभावी समय, ट्यारिफ र डिट्यारिफ, बीमाशुल्क फिर्ता, समानुपातिक बीमाशुल्क, छोटो अवधिको बीमा, बीमादर सल्लाहकार समिति।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

इकाई-८ जोखिमाङ्कन

परिचय, जोखिमाङ्कन प्रक्रिया, जोखिमाङ्कनको आधारमा जोखिमको बर्गीकरण, पूर्व जोखिमाङ्कन निरीक्षण, बीमित र अभिकर्ताको अनुगमन, जोखिमाङ्कनमा प्रभाव पार्ने तत्वहरू, जोखिमाङ्कन निर्देशिका वा म्यानुअल, बीमालेखको नामसारी, मोटर बीमादर गणना, सम्पत्ति बीमादर गणना, सामुद्रिक बीमादर गणना, कृषि, पशुपन्छी र जडिबुटी बीमादर गणना, लघुबीमादर गणना, अन्य बीमाको बीमादर गणना।

इकाई-९ दाबी

परिचय, दाबी गर्ने प्रक्रिया, दाबी सम्बन्धी कागजात, दाबी भुक्तानीको प्रक्रिया, बीमा दाबी भुक्तानीमा अभिकर्ताको भूमिका, दाबी भुक्तानी निर्देशिका वा म्यानुअल, दाबीको प्रकार, लघुबीमाको दाबी, स्वास्थ्य बीमाको दाबी, कृषि, पशुपन्छी तथा जडिबुटीको बीमा दाबी, अन्य बीमाको दाबी, पेश्की (एडभान्स) दाबी भुक्तानी, दाबी सम्बन्धी विवाद र विवाद समाधान, सर्भेयर तथा क्षति मूल्याङ्कनकर्ताको भूमिका ।

इकाई- १० निर्जीवन बीमाको बजारीकरण

अभिकर्ताको पेशा, ग्राहक सेवा, बीमालेख बिक्रीपछिको सेवा, बीमा दाबी पर्दाका बखतको सेवा, निर्जीवन बीमा बजारीकरण, उपभोक्ता व्यवहार, नैतिक बजारीकरण र यसको चुनौति ।

इकाई- ११ बीमा अभिकर्ता र कर

बीमा अभिकर्ताको पारिश्रमिक र उक्त पारिश्रमिकमा लाग्ने कर, बीमा अभिकर्ता र कर दर्ता प्रमाणपत्र।

इकाई- १२ बीमा सम्बन्धी कानूनी व्यवस्था

बीमा ऐन, २०७९, बीमा नियमावली, २०४९, सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी ऐन, २०६४, नेपाल बीमा प्राधिकरणबाट जारी भएको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी निर्देशिका, बीमा अभिकर्ताको आचार संहिता, बीमा अभिकर्ता सम्बन्धी अन्य कानूनी व्यवस्था ।

इकाई- १३ बीमा बजार

नेपाल बीमा प्राधिकरण, जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, पुनर्बीमा कम्पनी, बीमा अभिकर्ता, बीमा सर्भेयर, तेस्रो पक्ष सहजकर्ता, अन्य बीमा सेवा प्रदायक, बीमा सूचना केन्द्र, बीमित हित संरक्षण कोष, बीमा पुल, बीमा विकास कोष ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY